# ‘पुँजीवादलाई राक्षसी बनाउनु गलत’

विश्वमै विवादास्पद शब्द हो- पुँजीवाद । कम्युनिस्ट र समाजवादी भन्छन्- पुँजीवादले संसारलाई कुरूप बनायो । खुला अर्थतन्त्र र बजार मन पराउनेहरू भने विश्व विकास हुनुमा पुँजीवादलाई जस दिन्छन् । जर्मनीका इतिहासकार र राजनीतिकशास्त्री **राइनर जिटलम्यान**ले संसारका विभिन्न ३५ मुलुकको अनुसन्धान गरी नयाँ किताब लेखेका छन्- 'इन डिफेन्स अफ क्यापिटालिज्म' । हालै यो किताबको नेपाली अनुवाद प्रकाशनमा आएको छ- 'पुँजीवाद : भ्रम, वास्तविकता र तथ्य' शीर्षकमा । नेपाली संस्करण लोकार्पणका लागि काठमाडौं आइपुगेका जिटलम्यानसँग **जगदीश्वर पाण्डे**को वार्ता :

**‘इन डिफेन्स अफ क्यापिटालिज्म’ मा तपाईंले पुँजीवादको पक्षमा खुलेर लेख्नुभएको छ । पुँजीवादमाथि यति सकारात्मक किन ?**

पुँजीवाद गरिबीविरुद्धको उत्तम व्यवस्था हो । नेपालको लागि पनि यो महत्त्वपूर्ण छ किनभने नेपाल विश्वको सबैभन्दा कमजोर आर्थिक अवस्था भएको मुलुकमध्ये एक हो । तपाईंले इतिहास पढ्नुभयो भने थाहा हुन्छ- पुँजीवादभन्दा २ सय वर्षअघि विश्वको ९० प्रतिशत जनसंख्या चरम गरिबीमै बाँचिरहेको थियो । आज निकै कम गरिबी छ । सन् १९८१ मा पनि विश्वका ४३ प्रतिशत जनसंख्या चरम गरिबीमा बाँचिरहेका थिए । इतिहासले पनि देखाउँछ, गरिबी हटाउने सबैभन्दा राम्रो व्यवस्था पुँजीवाद हो ।

**तपाईंले नेपालको कुरा गर्नुभयो, तर यहाँ पुँजीवाद लोकप्रिय शब्द होइन । नेपालमा कम्युनिस्ट र समाजवादीहरू पुँजीवादलाई खराब व्यवस्था मान्छन् । तपाईंलाई यसबारे थाहा छ ?**


थाहा छ । उनीहरू भोटका लागि यसो गर्छन् । तर, कम्युनिस्ट र समाजवादीले भोट पाउन पुँजीवादको विरोध गर्ने परिपाटी नेपालमा मात्रै होइन, संसारैभरि छ । अधिकांश मानिसका लागि पुँजीवाद नराम्रो शब्द हो, तर यो गलत छ । तथ्य के हो भने विगत १०० वर्षमा इतिहासका सबै समाजवादी प्रयोग कुनै अपवादबिनै असफल भए । उनीहरूले कोरियामा फरक प्रयास गरे, त्यसपछि सोभियत संघ र पूर्वी जर्मनीमा अर्को तरिकाले । फेरि क्युबा, भेनेजुएला र बुल्गेरियामामा अर्कै तरिकाले । तिनीहरूले समाजवादको धेरै पटक प्रयोग गरे र यो असफल भयो । त्यसैले पुँजीवादमा सुधार आयो । म धेरै उदाहरण बताउन सक्छु, तथाकथित समाजवादी देशहरूमा पनि पुँजीवाद वा स्वतन्त्र बजारको सुधारले मानिसको जीवनस्तर उकास्यो । तर, तिनीहरू चीन वा भियतनामजस्तो समाजवादी होइनन्, तिनीहरूले निजी सम्पत्ति र स्वतन्त्र बजारमा सुधार ल्याए । र, परिणाम मानिसको जीवनस्तर निकै सुध्रेको छ । मेरो बुझाइ छ, पुँजीवादलाई राक्षसी बनाउनु गलत हो ।

**पुँजीवादमाथि छलफल गर्दा दार्शनिक प्लेटोको ‘आइडियल वर्ल्ड’ र मार्क्सको ‘युटोपिया’ को पनि सँगै चर्चा हुन्छ । ‘आइडियल वर्ल्ड’ देखि ‘युटोपिया’ र यो पुँजीवादसम्मको यात्रालाई कसरी हेर्नुहुन्छ ?**

म ‘युटोपिया’ मा विश्वास गर्दिनँ । वास्तविक संसारलाई युटोपियासँग तुलना गर्न मिल्दैन । यो त विवाह वा प्रेमलाई कुनै एक किताबसँग तुलना गरेजस्तो भयो । यस्तो तुलना नगरौं । समाजवादीहरू वास्तविकतालाई इच्छासँग र किताबसँग तुलना गर्छन् । यो त विवाहलाई प्रेम उपन्याससँग तुलना गर्नुजस्तै हो ।

**तपाईंले नेपाललगायत विश्वका धेरै देशमा पुँजीवादमाथि अनुसन्धान गर्नुभयो । तर, नेपालमा त विगत तीन दशकदेखि समाजवादबारे बहस भइरहेको छ । के यो ठीक भइरहेको छ ?**

मैले ३५ मुलुकमा पुँजीवादबारे सर्वेक्षण गरेको थिएँ । सर्वेक्षणले ती देशमा पुँजीवाद र बजार अर्थतन्त्रको छवि थाहा पाउन मद्दत गर्‍यो । नेपाल यो विषयमा पूर्ण नकारात्मक पनि छैन, न पूर्ण सकारात्मक छ । धेरै मुलुकको अवस्था यस्तै छ । कुनै मुलुकमा चाहिँ पुँजीवाद नेपालको भन्दा सकारात्मक अवस्थामा छ भने कुनैमा झन् नकारात्मक ।



किताब वार्ता

**त्यसो भए नेपालको अहिलेको अर्थतन्त्र व्यवस्थालाई अर्धपुँजीवाद भन्न सकिन्छ ?**

मलाई लाग्छ, विश्वमा शुद्ध पुँजीवाद कतै छैन । यो सधैं बजार र राज्य, पुँजीवाद र समाजवादबीचको मिश्रण हो । तपाईंलाई आर्थिक स्वतन्त्रता सूचकांक थाहा छ ? हेरिटेज फाउन्डेसनले हरेक वर्ष संसारभरका १७७ देशमा गर्ने सर्वेक्षणमा देशहरू आर्थिक रूपमा कति स्वतन्त्र छन् भन्ने सूचकांक हुन्छ । शीर्ष स्थानमा सिंगापुर र स्विट्जरल्यान्ड छन् । उनीहरू आर्थिक रूपमा सबैभन्दा स्वतन्त्र छन् । यसको अर्थ धेरै पुँजीवादी देशहरू शीर्षस्थानमा छन् र तल उत्तर कोरिया, भेनेजुएला र क्युबा छ । नेपाल १४२ नम्बरमा छ । त्यसैले नेपालको स्थिति व्यापक खराब छ । अधिक आर्थिक स्वतन्त्रता पाउन नेपालका लागि यो कम हो ।

तपाईंको प्रधानमन्त्री माओवादी हुनुहुन्छ । तर, चीनमा त माओवाद असफल भयो । माओत्से तुङका पालामा अनि ५० को दशकको अन्त्यमा उनीहरूसँग तथाकथित ‘ग्रेट लीप फर्वार्ड’ थियो, जुन इतिहासको सबैभन्दा ठूलो समाजवादी प्रयोग थियो । त्यहाँ ४५ लाख मानिस मरे । सन् १९८१ मा माओको मृत्युपछि चीनमा ८८ प्रतिशत जनता चरम गरिबीमा बाँचिरहेका थिए । त्यसपछि देङ सियाओपिङले आर्थिक सुधारको सुरुवात गरे । निजी सम्पत्ति, खुला बजार अघि सारे र अहिले चीनमा गरिबीमा बाँच्नेको संख्या एक प्रतिशतभन्दा कम छ । चीन हेरे थाहा हुन्छ- राजनीतिक व्यवस्था कम्युनिस्ट व्यवस्था हो, तर संरचनात्मक आर्थिक व्यवस्था पुँजीवादी व्यवस्था हो । तपाईंसँग दुई सामग्री छन्- बजार र राज्य । तपाईंले राज्य थप्नुभयो भने के हुन्छ ? बजार थप्नुभयो भने के हुन्छ ? त्यसपछि तपाईंले बुझ्नुहुनेछ । चिनियाँहरूले देङपछि बजार थपे । त्यसपछि उनीहरूको स्थितिमा सुधार आएको हो ।

**किताबमा तपाईंले पुँजीवादलाई पुष्टि गर्न ‘रेगन–थ्याचर’ को अर्थशास्त्र अघि सार्नुभएको छ । किन ?**

सन् १९८० को दशक वा ९० को सुरुवातको दशकको कुरा हो यो । यस अवधिमा समाजवाद असफल भयो । समाजवादले काम गर्न सक्दैन भन्ने मान्छेले बुझे । तर, अमेरिका, बेलायतजस्ता पुँजीवादी देशहरू (दुई ठूला कल्याणकारी राज्यहरू) मा धेरै समस्या थिए । रोनाल्ड रेगन र म्यागी थ्याचरले के गरे ? उनीहरूले धेरै बजार र कम राज्यको संलग्नता गराए, निजीकरण गरे र त्यसलाई राज्यको तर्फबाट नियमन गरे । यो ८० र ९० को दशकमा संसारभरि नै भयो । मैले देङ र चीनको कुरा गरें । अमेरिकाको रेगन र बेलायतको थ्याचर, त्यो महत्त्वपूर्ण समय थियो । आज ३० वर्षपछि यो बाटो उल्टो हो । संसारमा जतातते जहाँ हेर्नुस्, धेरै राज्य र कम बजार देखिन्छ । म दुई साताअघि ल्याटिन अमेरिकाको कोलम्बियामा थिएँ, त्यसअघि अर्जेन्टिना, चिली र पाराग्वेमा । यी देशहरू अहिले धेरैजसो समाजवादीद्वारा शासित छन् । अर्जेन्टिना भने फेरिएको छ, उसले पुँजीवादी शासक पाएको छ । युरोप पनि कम बजार, अधिक योजनाबद्ध अर्थतन्त्रको दिशामा छ । त्यसैले मैले यो किताब लेखें, किनभने यो एक ‘वेक-अप’ कलजस्तै हो ।

**तपाई पुँजीवादको वकालत गरिरहनुभएको छ । तर, अहिले संसारैभर पुँजीवादको आलोचना भइरहेको छ– यसले धनीलाई झन् धनी र गरिबलाई झन् गरिब बनाएको छ भन्दै । तपाई के भन्नुहुन्छ ?**

यो कथन सत्य होइन । उदाहरण हेरौं न, सन् १९८० को दशकमा जाऔं । त्यसबेला विश्वमा लगभग ४० प्रतिशत गरिबी थियो, आज निकै घटेको छ । एकातिर गरिबी घटेको छ, अर्कोतिर धनीहरूको संख्या बढेको छ । सन् २००० को सुरुवातमा करिब ५ सय अर्बपति थिए, आज संसारमा २७०० अर्बपति छन् । एकै समयमा गरिबीमा बाँच्नेहरूको संख्या घट्यो, अर्बपतिको संख्या बढ्यो । मान्छेले गलत सूचना फैलाउन ‘जिरो सम थिंकिङ’ को प्रयोग गरिरहेका छन् । पुँजीवादमा धनी झन् धनी हुँदै जान्छ र गरिब झन् गरिब हुँदै जान्छ भन्नु बकवास हो । यो गलत हल्ला फैलाउने काम समाजवादीको हो, पुँजीवादी विरोधीको पनि हो । सामाजिक सञ्जाल र मिडियाको प्रयोग गरी तिनले गलत सूचना फैलाइरहेका छन् ।

**सामाजिक सञ्जाल र मिडिया पनि पुँजीवादकै उत्पादन हुन् । तर, पुँजीवादले उत्पादन गरेको माध्यमलाई यसका विरोधीले नै प्रयोग गरे त ?**

यो मेरा लागि मजाकजस्तै छ । एप्पलको ल्यापटप वा एप्पलकै स्मार्टफोनमा सोसल मिडिया प्रयोग गर्दै स्टारबक्समा बसी कफी खानेहरूलाई तपाईंले देख्नुभएकै होला । पुँजीवादकै प्रयोग गरेर त्यसविरुद्ध लाग्नु गलत हो । पुँजीवादमा बसेर समाजवादको पक्षमा हुन सकिन्न । समाजवादमा बस्ने मानिसहरू छन्, जो समाजवाद जस्तो केही गर्न चाहन्छन् । यो एक विरोधाभास हो । यी मानिस सबै चीजको आनन्द पुँजीवादबाट लिन्छन्, तर उही समयलाई बुझ्दैनन् । किनभने उनीहरूसँग यी सबै चीज पुँजीवादकै कारणले मात्रै छ ।

**तपाईंको किताब नेपालीमा अनुवाद भएको छ । अब यो नेपाली पाठकले पढ्लान् नै ! ती पाठकलाई के भन्न चाहनुहुन्छ ?**

नेपाललाई अझै धेरै पुँजीवाद चाहिन्छ । नेपालमा तपाईंहरूले ८ दशकमा ७ वटा संविधान लेखेर समय निकै खेर फाल्नुभयो । संविधानको बहस अमेरिकामा २५० वर्षदेखि एउटै छ र अहिले सफल पनि छ । तपाईंहरूसँग अहिले ७ फरक संविधान छन् । मानिसहरू सधैं राजनीतिबारे छलफल गर्छन् । राजनीति समस्याको समाधान होइन, राजनीति नै समस्या हो । समस्याको समाधान त अर्थव्यवस्था हो । तपाईंहरूको समस्या राजनीतिसँग होइन, अर्थतन्त्रमा छ । यहाँ जनताको जीवन राम्रो होस् वा नहोस्, संविधानमा नयाँ अनुच्छेद छ कि छैन भन्ने चर्चा हुन्छ । यसले त जीवन परिवर्तन गर्दैन । जहाँ आर्थिक स्वतन्त्रता छ, त्यहाँ जीवन परिवर्तन हुन्छ । नेपाललाई चाहिने यही हो । भियतनाम वा दक्षिण कोरियाका मानिस नेपालका भन्दा बढी बौद्धिक होइनन् । उनीहरू अर्थतन्त्रमा जोड दिन्छन्, नेपालीहरू राजनीतिमा ध्यान दिन्छन् ।